# कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित
# निर्धन उत्थान बैंक लिमिटेड
## को
## प्रबन्ध पत्र

१. **कम्पनीको नाम:**
यस कम्पनीको नाम "निर्धन उत्थान बैंक लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Bank Limited " भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएको छ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**
(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) लूम्बिनी अंचल जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ७ हिमालीपथमा रहनेछ ।
(२) यस कम्पनीको कारोबार गर्ने स्थान रुपन्देही, नवलपरासी, कपिलवस्तू, चितवन, पर्सा, बारा, रौतहट, पाल्पा, दांग र बांके जिल्ला हूनेछ र आवश्यकतानूसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आफ्नो कार्यक्षेत्र अन्य जिल्लाहरुमा बढाउन सक्नेछ ।

३. **कम्पनीको उद्देश्य:**
(१) नेपाल राष्ट्र बैक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही लघूवित्तीय कारोबार गर्ने यस कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम हूनेछ:
(क) कम्पनीका निक्षेपकर्ता एवम् शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै विपन्न वर्गलाई सरल, सूलभ तथा भरपर्दो किसिमले लघूवित्तीय सेवा प्रदान गर्ने।
(ख) स्थानीय सिप, श्रम र पूंजीको परिचालनद्वारा समाजका न्युन आय भएका विपन्न वा निर्धन वर्ग तथा महिलालाई आयबृद्धिमूलक व्यवसाय संचालन गर्न आवश्यक पर्ने पूंजी उपलब्ध गराई उनीहरुको आयस्तरमा बृद्धि ल्याई समग्र आर्थिक विकासमा सहयोग पूऱ्याउने ।
(ग) लघू उद्योग, व्यापार, कृषि तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिको लागि आवश्यक वित्तीय साधन उपलब्ध गराई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउने ।
(घ) लघूवित्तको साथसाथै शिक्षामूलक कार्यक्रमहरु, समुह परिचालनको माध्यमबाट विपन्न महिलाहरुको चेतना अभिवृद्धि गर्ने ।
(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनूमति वा इजाजत प्राप्त गर्नूपर्ने भएमा सो प्राप्त गरी कार्यान्वयन गरिनेछ।
(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनूमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनूमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिनेछ ।

४. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**
कम्पनीले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा दफा ४७ को उपदफा (४) बमोजिम घ वर्गको इजाजतप्राप्त संस्थाको रुपमा रही सो

अध्यादेश, कम्पनी सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :

(क) कम्पनीलाई आवश्यक पर्ने भवन खरिद निर्माण गर्ने वा भाडा वा लिजमा लिने र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा वा लिजमा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) नेपाल राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म नियमित रुपमा बचत गरी तोकिदिएको बचत कायम राखेका समुह वा समुहका सदस्यलाई लघू व्यवसाय संचालन गर्न कूनै चल अचल सम्पत्ति सूरक्षण वा जमानत लिई वा नलिई लघू कर्जा दिने,

(घ) इजाजतपत्रप्राप्त संस्था वा स्वदेशी वा विदेशी संघ संस्था आदिबाट ऋण वा अनूदान प्राप्त गर्ने र त्यस्तो ऋण वा अनूदान लघू कर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने,

तर, विदेशी संघ संस्था आदिबाट ऋण वा अनूदान लिनू अघि नेपाल राष्ट्र बैंकको स्वीकृति लिनूपर्नेछ ।

(ङ.) लघूकर्जा उपलब्ध गराउन अघि जून कार्यको लागि कर्जा माग भएको हो, सो सम्बन्धी कार्यको मूल्यांकन गर्ने र त्यस्तो कार्यको सम्भाव्यता छ, छैन पहिचान गर्ने,

(च) न्युन आय भएका व्यक्तिको आर्थिक स्थितिमा सूधार हूने खालका लघू व्यवसाय गर्न कर्जा प्रदान गर्ने,

(छ) लघू व्यवसायका सम्बन्धमा गोष्ठि संचालन गर्ने, परियोजना तर्जूमा गर्न प्रशिक्षण दिने, सहयोग गर्ने, प्राविधिक ज्ञान दिलाउने र आवश्यकतानूसार प्राविधिक सहयोग जूटाउने,

(ज) लघू कर्जा परिचालन सम्बन्धमा समुहलाई आवश्यक सेवा प्रदान गर्ने,

(झ) लघू कर्जा समयमा असूलउपर गर्नेतर्फ आवश्यक कारवाही गर्ने,

(ञ) लघू कर्जाको उचित प्रयोग भए, नभएको सम्बन्धमा अनूगमन गर्ने र अनूगमन गर्दा उचित प्रयोग भएको नदेखिएमा आवश्यक निर्देशन दिने,

(ट) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही व्याज वा विना व्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भूक्तानी दिने,

(ठ) आफ्नो चल अचल जायजेथा धितो राखी वा नराखी कर्जा लिने तथा जायजेथाको उचित प्रबन्ध गर्ने,

(ड) समितिले बनाएको विनियमको अधिनमा रही कर्जा अपलेखन गर्ने,

(ढ) आफू तथा अन्य कूनै इजाजतपत्र प्राप्त संस्थाबाट कर्जा वा कूनै प्रकारको सूविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कूनै अन्य इजाजतपत्रप्राप्त संस्थाविच लिनेदिने,

(ण) नेपाल राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(त) आफ्नो उद्देश्य कार्यान्वयन गर्नू अघि प्रचलित नेपाल कानुन बमोजिम अनूमति वा इजाजत लिनू पर्ने विषयमा सम्बन्धित निकायबाट अनूमति वा इजाजत प्राप्त गर्ने,

(थ) निर्धन वर्गको आयस्तरलाई मानवोचित जीवन स्तर धान्ने स्तरमा पू¥याउने तौर तरीका बारे कार्यमूलक अनूसन्धान गरी प्रभावकारी कार्यपद्धतिको विकास गर्ने,

(द) परियोजनाको प्रवर्द्धन र विकासका निमित्त आवश्यक कच्चा पदार्थको आपूर्ति बजार व्यवस्था, प्राविधिक वा व्यवस्थापन परामर्श सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई ऋण उपलब्ध गर्ने गराउने,

(ध) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानुनको रीत पु¥याई डिवेन्चर, वण्ड, ऋणपत्र, बचतपत्र, शेयर वा अन्य वित्तीय उपकरणको माध्यबाट पूंजी परिचालन गर्ने,

(न) कम्पनी वा कम्पनीका कर्मचारीका तर्फबाट दिइने वा सोको विरुद्धमा, कम्पनीको कामको सिलसिलामा पर्न आएका मूद्दा मामिला दायर गर्ने, पैरवी गर्ने, प्रतिरक्षा गर्ने, मिलापत्र गर्ने वा मूद्दा छाडि दिने, त्यस्तो मूद्दा मामिलाको सम्बन्धमा आवश्यक अन्य सबै काम कारवाही गर्ने, पक्ष विपक्षसंग वार्तालाप गरी विवाद अन्त गर्ने काम गर्ने, कम्पनीले

गरेको वा कम्पनी उपर परेको दावीको सम्बन्धमा समाधान हूने गर्ने काम गर्ने वा उचित म्याद समय लिने दिने,

(प) कम्पनीको कर्जा लगानी, धितो सूरक्षण लिलाम बिक्री तथा भाखा नाघी शंकास्पद हून गएका कर्जाहरुको पूनर्मूल्यांकन, अपलेखन तथा अन्य व्यवस्था सम्बन्धी र साथै अन्य बैंकिङ्ग कारोबारहरु सम्बन्धी उपयूक्त नीति निर्धारण गर्ने र सो सम्बन्धी आवश्यक नियमहरुको तर्जूमा गरी त्यस्ता नीति नियमहरुको कार्यान्वयन गर्ने ।

(फ) कम्पनीको प्रबन्ध र अन्य प्राविधिक सहयोगको लागि आवश्यक भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई स्वदेशी वा विदेशी बैंक वा वित्तीय सस्थासंग प्राविधिक सेवा सम्झौता (टेक्नीकल सर्भिसेस एग्रीमेण्ट) गर्ने,

(ब) कम्पनीको काम कारोबार संचालन गर्नको लागि बैंकिङ्ग व्यवसाय, व्यवस्थापन, मूद्रा, वित्त व्यवसाय इत्यादी सम्बन्धी विशेषज्ञ व्यक्ति, संस्था, कम्पनी वा विश्वविद्यालय समेतबाट सरसल्लाह लिने वा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई उचित शर्तहरुको आधारमा कम्पनीको संचालन वा व्यवस्थापनको जिम्मा दिने,

(भ) बैदेशिक रोजगारीबाट आर्जन गरेको ग्रामिण समुदायका व्यक्तिहरुको आम्दानीलाई सरल रुपमा देशभित्र भित्रयाई उनिहरुको भुक्तानी सुनिश्चित गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई भुक्तानी (विप्रेषण) को कार्यक्रम संचालन गर्ने,

(म) निर्धन वर्गलाई आयमूलक क्रियाकलापमा सरिक गराउन आवश्यक तालीम, प्रविधि, कच्चा पदार्थ उपलब्ध गराउने तथा उत्पादन बजारसम्म पूऱ्याउने उपायको पहिचान र विकास गर्न कार्यमूलक अनूसन्धान गरी प्रभावकारी कार्यपद्धतिको विकास गर्ने,

(य) निर्धन वर्गको उत्थानका लागि विभिन्न आर्थिक सामाजिक कार्यक्रम संचालन गर्ने,

(र) निर्धन वर्गको आर्थिक सहभागितामा अभिबृद्धि ल्याई स्थानीय श्रोत एवं साधन परिचालन गर्ने कार्यक्रम संचालन गर्ने,

(ल) कृषि उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य उत्पादनशील व्यवसाय संचालनको लागि आवश्यक निर्धन वर्गको उत्थानको लागि आवश्यक पर्ने स्थिर र चालू पूंजि ऋणको रुपमा उपलब्ध गराउने,

(व) परियोजना स्थापना, संचालन र मूल्यांकन सम्बन्धी अध्ययन, अनूसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(श) कूनै व्यक्तिसंग कूनै कारोबार गर्दा वा ऋण लेनदेन गर्दा कम्पनीको हित संरक्षण हूने गरी आवश्यकतानूसार शर्त राख्ने र सम्झौता गर्ने,

(ष) कम्पनीको कार्य संचालन तथा हित प्रवर्द्धनको लागि जन सम्पर्कको अभिबृद्धि गर्ने र त्यसको लागि आवश्यक खर्च गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंकहरु तथा संस्थाहरुसंग सम्पर्क स्थापना गर्ने, पत्राचार गर्ने,

(स) कम्पनीको उद्देश्य प्राप्तीको लागि प्रचलित कानुनको अधिनमा रही आवश्यक देखिएका अन्य कार्यहरु गर्ने ।

(ह) नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर भारतिय रुपैया खरिद विक्री गर्ने,

(क्ष) नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर सेफ लकर संचालन गर्ने,

(त्र) बीमा अभिकर्ता (एजेन्ट)को कार्य गर्ने ।

## ५. कम्पनीको पूंजीको संरचना:

कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हूनेछ:

(क) कम्पनीको अधिकृत पूंजि रु.१०,००,००,०००।०० (रु दश करोड मात्र) हूनेछ । सो पूंजीलाई रु.१००।०० दरका दश लाख थान साधारण शेयरमा विभाजित गरिएकोछ ।

(ख) कम्पनीको जारी पूंजी रु. १०,००,००,०००।०० (रु दश करोड मात्र) हूनेछ ।

(ग) कम्पनीको हालको चूक्ता पूंजी रु. ७,१८,१२,३५६।०० (रु. सात करोड अठार लाख बाह्र हजार तिन शय छपन्न) मात्र रहेको छ । कम्पनीको आवश्यकतानूसार संचालक समितिले यस संस्थाको चूक्ता पूंजीलाई जारी पूंजीको हदसम्म बढाउन सक्नेछ ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गिकरण गरिएको छ । यो समूहका संस्थापक शेयरधनीहरुलाई निम्न बमोजिम तिन उपसमूहमा विभाजन गरिएको छ र ति उपसमूहहरुको शेयर स्वामित्व निम्नानुसार ७० (सत्तरी) प्रतिशत हूनेछ ।

| संस्थाको नाम | समूह "क" का उपसमूहहरु | स्वामित्व (प्रतिशतमा) |
|---|---|---|
| निर्धन संस्था र ग्रामिण ट्रष्ट, वंगलादेश | (क) | २३ (तेइस) |
| निम्न वाणिज्य बैंकहरु प्रत्येकको १३.३३ प्रतिशतले<br>नविल बैंक लि.<br>हिमालयन बैंक लि.<br>एभरेष्ट बैंक लि. | (ख) | ४० (चालिस) |
| निजी क्षेत्रका व्यक्तिहरु | (ग) | ७ (सात) |

समुह “क” को उपसमुह “ख” को ग्रामिण ट्रष्ट र उपसमुह “ग” का बैंकहरुलाई विक्री गरिने शेयर कथं कदाचित ती संस्थाहरुले नलिएमा सो शेयरहरु अरु कूनै संस्थापकहरुले लिनेछन । अरु संस्थापकहरुले पनि नलिएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त अरु कूनै बैंक वा वित्तीय संस्थाहरुले खरिद गर्न सक्नेछन । सो पनि नभएमा समुह “ख” अनूसार सार्वजनिक रुपमा बिक्री गरिनेछ । उपसमुह "घ" का निजी क्षेत्रका व्यक्तिहरुलाई विक्री गरिने शेयर कथं कदाचित सो उपसमुहका शेयरधनीहरुले शेयर नलिएमा समुह “ख” अनूसार सार्वजनिक रुपमा विक्री गरिनेछ ।

(ङ.) सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीहरुलाई समुह “ख” मा वर्गिकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व कम्तीमा ३० (तिस) प्रतिशत हूनेछ । यस समुहको शेयरमध्ये बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीलाई छुटयाई संचालक समितिको निर्णय बमोजिम विक्रि गरिनेछ ।

(च) जून समुह वा उपसमुहको शेयर खरिद गरेको हो, सो शेयर खरिद गर्ने व्यक्तिलाई सोही समुह, उपसमुहमा राखिनेछ ।

(छ) नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृति लिई कम्पनी कानुन, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पूंजी तथा स्वामित्व संरचनामा हेरफेर गर्न सक्नेछ ।

(ज) नेपाल राष्ट्र बैंकले पूंजी बढाउनका लागि कम्पनीलाई निर्देशन दिएमा सो निर्देशन बमोजिम प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पूंजी बढाउनू पर्नेछ ।

६. <u>कम्पनीको शेयरको किसिम:</u>

कम्पनीको शेयरहरु साधारण शेयर मात्र हूनेछ । तर अग्राधिकार शेयरको व्यवस्था गर्न परेमा प्रचलित कानुनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई मात्र त्यस्तो शेयर जारी गर्न सक्नेछ ।

७. <u>शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज:</u>

शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हूनेछ:

(क) नेपाल राष्ट्र बैंकको स्वीकृति नलिई कम्पनीको कूनै शेयर विदेशी बैंक वा कम्पनीलाई विक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) कम्पनीले कारोबार संचालन गरेको पांच वर्ष नपूगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर विक्रि वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर विक्रि गर्दा वा धितोबन्धक राख्नू पर्दा नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृति लिनू पर्नेछ । यस व्यवस्था

बमोजिम कम्पनीले कारोबार संचालन गरेको पांच वर्ष नपूगे तापनि कम्पनीको संचालनमा कूनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थतिको सृजना हून गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका विचमा शेयर खरिद विक्रि गर्न सकिनेछ ।

तर त्यसरी हक छोडदा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जून समुहको शेयर हो सोही समुहको शेयरधनीहरुलाई दिनूपर्नेछ । समुहभित्र उपसमुह रहेको अवस्थामा जून उपसमुहको शेयर हो सोही उपसमुहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर विक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनूपातमा वितरण गर्नूपर्नेछ । सो समुहका कूनै संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृतिमा अन्य व्यक्ति, फर्म वा कम्पनी वा संस्थालाई विक्रि गर्न सकिनेछ ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा न्युनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी खरिद गर्न सकिनेछ ।

तर, हकप्रद शेयर र बोनश शेयरको हकमा यो बन्देज लागु हूनेछैन ।

(ङ) कम्पनीका संचालक, प्रमूख कार्यकारी अधिकृत, लेखापरीक्षक, सचिव वा कम्पनीको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद विक्रि गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हूदैन ।

तर मृत्यू नामसारी भई आउने शेयरको हकमा यो बन्देज लागु हूने छैन । यसै गरी हकप्रद वा बोनश शेयर जारी गरिएको अवस्थामा पनि यो बन्देज लागु हूनेछैन ।

(च) कसैले खण्ड (ङ) विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठह(याएको किसिमबाट विक्री वितरण गर्न सक्नेछ ।

(छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन र धितोपत्र कारोबार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हूनेछ ।

८. <u>शेयरको रकम भूक्तानीका शर्तहरुः</u>

कम्पनीको शेयरको रकम भूक्तानीका शर्तहरु देहाय बमोजिम हूनेछः

(क) कम्पनीको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनको अधिनमा रही माग गर्नू पर्नेछ ।

(ख) कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बूझाउनूपर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारत समयावधिभित्र बूझाउने, म्याद थप गर्ने, म्याद थप आदि कूराहरु नियमावलीमा उल्लेख भए बमोजिम हूनेछ ।

९. <u>अन्य आवश्यक कूराहरुः</u>

(१) कम्पनीले संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीको शेयरको रकम नगदमा नै जम्मा गर्नू पर्नेछ ।

(३) कम्पनीले काम शूरु गर्नूभन्दा अघि निर्धन वर्गको लागि निर्धन संस्थाले गरेको लघूवित्त सेवाका कामहरु, सोको लागि भएको संरचना, कर्मचारीहरु निर्धन संस्था र यस कम्पनी विच भएको सम्झौता बमोजिम यस संस्थामा हस्तान्तरण भई आएका छन ।

(४) संस्थापक वा अन्य कूनै व्यक्तिले यस संस्थाबाट कूनै विशेष सहूलियत वा अधिकार पाउने छैनन् ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनीले आफ्नो कारोबारहरु संचालनको लागि विनियमहरु बनाई लागु गर्न सक्नेछ ।

(६) कम्पनीले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन ।

(७) कम्पनीले आवश्यकता महसूस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी कम्पनीको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदाताको परामर्श लिन सक्नेछ ।

(८) कम्पनीले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनूसारको पूंजी कोषको व्यवस्था गर्नूपर्नेछ ।

(९) कम्पनी अविच्छिन्न उत्तराधिकारीवाला एक संगठित संस्था हूनेछ ।

(१०) कम्पनीको काम कारवाही संचालनको लागि एक छुट्टै छाप हूनेछ ।

(११) कम्पनीले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) कम्पनीले प्रचलित कानुनका अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, धितोबन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ ।

(१३) कम्पनीको शेयरधनीहरुको दायित्व निजहरुले लिएको वा लिन मंजूर गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित हूनेछ ।

(१४) कम्पनीका सबै कामहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानुन र अन्य प्रचलित कानुन बमोजिम हूनेछ ।

(१५) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन र कम्पनीको सम्बन्धमा लागु हूने अन्य प्रचलित कानुनमा कूनै संशोधन भएमा यस प्रबन्धपत्र पनि सोही बमोजिम स्वत: संशोधन भएको मानिनेछ र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गरी मिलाउनू पर्नेछ ।

(१६) खारेजी र बचाउ:

(क) निर्धन उत्थान बैंक लिमिटेडको नामबाट मिति २०५५।७।१२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी संस्थापन भएको यस कम्पनीको उक्त प्रबन्धपत्र खारेज गर्ने गरी मिति २०६३।१।३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको निर्धन उत्थान बैंक लिमिटेड (वित्तीय संस्था) नामको कम्पनीको प्रबन्धपत्र खारेज गरिएको छ ।

(ख) खण्ड (क) बमोजिम खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।

(ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हूंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुले सहीछाप गरेको कूरा तथा निजको सहीछाप सम्बन्धी सम्पुर्ण विवरणहरु दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

१०. <u>प्रबन्ध पत्र बाझिएको हदसम्म निष्कृय हूने:</u>

यस प्रबन्धपत्रका दफाहरु कम्पनी कानुन, नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन र अन्य प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हूनेछ र यस प्रबन्धपत्रमा उल्लेख नभएका कूराहरुको हकमा उल्लेखित कानुन बमोजिम हूनेछ ।

११. <u>प्रबन्धपत्र संशोधन भएमा लागु हूने अवस्था:</u>

(१) यस प्रबन्धपत्रमा कम्पनीले कूनै संशोधन गर्नू पर्ने भएमा कम्पनी कानुन बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी तथा धितोपत्र कारोबार सम्बन्धी कानुन संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ । यस प्रबन्धपत्रमा समेत सोही बमोजिम संशोधन गर्नू पर्नेछ ।

१२. <u>संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या:</u>

हामी निर्धन उत्थान बैंक लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबूल गरी देहायको साक्षीको रोहबरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौं:

| क्र.स. | संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबूको नाम | बाजेको नाम | लिन कबूल गरेको साधारण शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|---|---|---|---|
| १. | नाम: निर्धन संस्था (उपसमुह "क") ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगरपालिका वडा नं. को तर्फबाट हरिहर देव पन्त द......... | | | १२,००० (बाह्र हजार मात्र) | द.......... नाम: हरिनन्द अर्याल ठेगाना: कोटेश्वर जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स. का.म.न.पा. वडा नं. ३५ |
| २. | नाम: ग्रामीण ट्रष्ट (उपसमुह "ख") ठेगाना: मिरपूर २, ढाका १२१६ बंगलादेशको तर्फबाट प्रतिनिधी एच.आइ.लटिफि द.......... | | | ११,००० (एघार हजार मात्र) | नाम: एम.ए.बकी खाली ठेगाना: यूनिभर्सिटी अफ ढाका जिल्ला: ढाका वंगलादेश नगरपालिका।ग.वि.स. वडा नं. द........ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | द……………<br>नाम: नेपाल अरब बैंक लि.<br>(उप समुह "ग")<br>ठेगाना: कान्तीपथ<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.: को तर्फबाट प्रतिनिधी विनय रेग्मी | | | १२,००० (बाह्र हजार मात्र) | नाम: रविन्द्र कूमार ढकाल<br>ठेगाना: काठमाडौं<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.: का.म.न.पा.<br>वडा नं.: ७<br>द………. |
| ४. | नाम: हिमालयन बैंक लि.<br>(उपसमुह "ग")<br>ठेगाना: त्रिदेवी मार्ग<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.को तर्फबाट प्रतिनिधी अशोक राणा<br>द……… | | | १२,००० (बाह्र हजार मात्र) | नाम: अमर कृष्ण जोशी<br>ठेगाना: नघल क्वाडा<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.: का.म.ना.पा.<br>वडा नं. १७<br>द…………… |
| ५. | नाम: डा. हरिहर देव पन्त<br>(उपसमुह "घ")<br>ठेगाना: अनामनगर<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.<br>द……… | | | ४१३० (चार हजार एक सय तीस मात्र) | नाम: सूजन नेपाल<br>ठेगाना: डिल्लीबजार<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.: का.म.न.पा.<br>वडा नं. ३२<br>द……. |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | नाम: गणेश बहादूर थापा (उपसमुह "घ" ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. द......... | | | १,००० (एक हजार मात्र) | नाम: भूवन रेग्मी ठेगाना: अनामनगर, काठमाडौं जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स.: का.म.न.पा. वडा नं. ३२ द............... |
| ७. | द....... नाम: अपर्णा लक्ष्मी प्रधान (उपसमुह "घ") ठेगाना: महराजगंज जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | २५० (दूई सय पचास मात्र) | नाम: माधवराम डंगोल ठेगाना: ब्रह्म टोल जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स.: का.म.न.पा. वडा नं. १२ द......... |
| ८. | द....... नाम: डा. मोहनमान सैंजू (उपसमुह "घ") ठेगाना: सानेपा जिल्ला: ललितपूर नगरपालिका: ललितपूर उपमहानगर वडा नं. २ | | | १,००० (एक हजार मात्र) | नाम: उत्सव प्र.ढकाल ठेगाना: अनामनगर जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स. का.म.न.पा. वडा नं. द....... |
| ९ | द..... नाम: शेर बहादूर थापा (उपसमुह "घ") ठेगाना: डिल्लीबजार, घट्टेकूलो जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | १,००० (एक हजार मात्र) | नाम: सूदीप राज नेपाल ठेगाना: डिल्लीबजार जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स.: का.म.न.पा. वडा नं. ३२ द............ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नाम: हरि कृष्ण पन्त (उपसमुह "घ") ठेगाना: मैतिदेवी, डिल्लीबजार जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं.: द............ | | | १०० (एक सय मात्र) | नाम: शान्ता चालिसे ठेगाना: अनामनगर जिल्ला: काठमाडौं नगरपालिका।गा.वि.स. वडा नं. ३२ द............. |
| ११ | नाम: जनार्दन देव पन्त (उपसमुह "घ") ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. द................ | | | ३०० (तीन सय मात्र) | नाम: सूशीला चालिसे ठेगाना: अनामनगर जिल्ला: काठमाडौं नगरपालिका।गा.वि.स.: काठमाडौं वडा नं. ३२ द............. |
| १२ | द............. नाम: यादव राज पाण्डे ठेगाना: ज्ञानेश्वर पूल जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | २५ (पचिस मात्र) | नाम: दीपक राज घिमिरे ठेगाना: सि.न.पा. जिल्ला: रुपन्देही नगरपालिका।गा.वि.स.: सिद्धार्थनगर वडा नं. ७ द................ |
| १३ | द.......... नाम: विमला पाण्डे ठेगाना: ज्ञानेश्वर पूल जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | १० (दस मात्र) | नाम: कोशलेश पाण्डे ठेगाना: सि.न.पा. जिल्ला: रुपन्देही नगरपालिका।गा.वि.स.: सिद्धार्थनगर वडा नं. ३ द................ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | द.........<br>नाम: मिना पन्त<br>ठेगाना: अनामनगर, शान्तिपथ<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं. ३२ | | | ५<br>(पांच मात्र) | नाम: नन्द किशोर पाण्डे<br>ठेगाना: छिपागढ, सूइलिहवा<br>जिल्ला: रुपन्देही<br>नगरपालिका।ग.वि.स.: छिपागढ<br>वडा नं. ७<br>द........... |
| १५ | द............<br>नाम: जगन्नाथ चालिसे<br>ठेगाना: शान्तिपथ, अनामनगर<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं. ३२ | | | २५<br>(पचिस मात्र) | नाम: सूरेन्द्र अधिकारी<br>ठेगाना: सि.न.पा. १२<br>जिल्ला: रुपन्देही<br>नगरपालिका।ग.वि.स. सिद्धार्थनगर<br>वडा नं. १२<br>द.............. |
| १६ | द...........<br>नाम: देवेन्द्र बहादूर राउत<br>ठेगाना: विराटनगर१२, पांचाली<br>जिल्ला: मोरंग<br>नगरपालिका: विराटनगर उपमहानगर | | | १००<br>(एक सय मात्र) | नाम: श्रीमति भगवती थापा<br>ठेगाना: सिक्टहन गा.वि.स.<br>जिल्ला: रुपन्देही<br>नगरपालिका।ग.वि.स. सिक्टहन<br>वडा नं. ६ प्रगतिनगर<br>द............. |
| १७ | द.............<br>नाम: राज नारायण दास<br>ठेगाना: लोखरम<br>जिल्ला: सप्तरी<br>गा.वि.स. कोचाबखारी<br>वडा नं. २ | | | १०<br>(दश मात्र) | नाम: रामचन्द्र पाल<br>ठेगाना: मझगावा<br>जिल्ला: रुपन्देही<br>नगरपालिका।ग.वि.स. मझगावा<br>वडा नं. १<br>द............... |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | द…………….<br>नाम: केशव कूमार पौडेल<br>ठेगाना: हल्वार ४, बनहरी<br>जिल्ला: दाङ्ग<br>गा.वि.स. हल्वार<br>वडा नं. ४ | | | ५<br>(पांच मात्र) | नाम: बूधवल गूरुंग<br>ठेगाना: जौबारी ७<br>जिल्ला: गोरखा<br>नगरपालिका।ग.वि.स. जौबारी<br>वडा नं.७<br>द………… |
| १९ | द………….<br>नाम: कृष्णराज चौधरी<br>ठेगाना: आनन्दवन ८<br>जिल्ला: रुपन्देही<br>वडा नं. ८ | | | ५<br>(पांच मात्र) | नाम: श्याम कूमार थापा<br>ठेगाना: पडसरी ५<br>जिल्ला: रुपन्देही<br>नगरपालिका।ग.वि.स. पडसरी<br>वडा नं. २१<br>द………… |
| २० | द……….<br>नाम: दिलीप गौतम<br>ठेगाना: हल्वार ६<br>जिल्ला: दाङ्ग<br>वडा नं. ६ | | | ५<br>(पांच मात्र) | नाम: सूनिल खनाल<br>ठेगाना: भ.न.पा. २<br>जिल्ला: चितवन<br>नगरपालिका।ग.वि.स. भरतपूर<br>वडा नं. २<br>द………. |
| २१ | द………..<br>नाम: विन्दा सिंह<br>ठेगाना: हकूई ५, हकूई<br>जिल्ला: नवलपरासी<br>वडा नं. ५ | | | ५<br>(पांच मात्र) | नाम: भोज राज बश्याल<br>ठेगाना: खानीगांउ ६ पाल्पा<br>जिल्ला: पाल्पा<br>नगरपालिका।ग.वि.स. खानीगाउ<br>वडा नं.६<br>द……….. |
| २२ | द…………….<br>नाम: गंगापाल चौधरी<br>ठेगाना: छिपागढ ७, सूइलिहवा<br>जिल्ला: रुपन्देही<br>वडा नं. ७ | | | ५<br>(पांच मात्र) | नाम: गोविन्द बहादूर थापा<br>ठेगाना: महेन्द्रनगर ६ बांगेबजार<br>जिल्ला: सूनसरी<br>नगरपालिका गा.वि.स. महेन्द्रनगर<br>वडा नं. ६<br>द………… |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | द............. नाम: भोजराज घिमिरे ठेगाना: आ.वा. रोड भैरहवा जिल्ला: रुपन्देही नगरपालिका: सिद्धार्थनगर वडा नं. ७ | | | २० (विस मात्र) | नाम: केशव शर्मा ठेगाना: सि.न.पा. ७ जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. सिद्धार्थनगर वडा नं. ७ द..................... |

मैले मस्यौदा गरेको यस प्रबन्धपत्रमा संस्थापक तथा साक्षिहरुले मेरो सामुन्ने हस्ताक्षर गरेका हुन् र प्रबन्धपत्रमा प्रचलित कानूनसंग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको:

(क) नाम: रत्नराज बज्राचार्य

(ख) दस्तखत: द......................................

(ग) प्रमाण पत्र नं.: क १२४।०४९

(घ) मिति: २०४९।९।१२